**सर्वोच्च अदालत, संवैधानिक इजलास**
**सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपककुमार कार्की**
**माननीय न्यायाधीश श्री मीरा खडका**
**माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की**
**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा**
**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**आदेश**

**०७७-wc-००७४**

**मुद्दाः उत्प्रेषणयुक्त परमादेश।**

१. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३३, को हाल ऐ. वडा नं. ३० बस्ने वरिष्ठ अधिवक्ता वोर्णबहादुर कार्की .....................
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११, थापाथली बस्ने वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने ....................................... निवेदक

२. काठमाडौं जिल्ला, टोखा नगरपालिका, वडा नं. ११, बस्ने विजयप्रकाश मिश्र.......................................................................................................

३. दोलखा जिल्ला, मेलुङ गा.वि.स. वडा नं. ३, को हाल मेलुङ गाउँपालिका वडा नं. ७ बस्ने डम्बरविक्रम कार्की ...........................................

**०७७-wc-००७५**

१. मोरङ जिल्ला, बेलबारी नगरपालिका, वडा नं. १०, घर भई काठमाडौं जिल्ला, बुढानिलण्ठ नगरपालिका, वडा नं.१०, बस्ने अधिवक्ता विष्णुकुमार गिरी ..................................................................... निवेदक

२. दाङ जिल्ला, तुलसीपुर उपमहानगरपालिका, वडा नं. १२, घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३०, बस्ने अधिवक्ता गणेश कुमार शर्मा .......................................................

**०७७-wc-००९५**

१. हुम्ला जिल्ला, खार्पुनाथ गाउँपालिका, वडा नं. ५, भै हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३२, कोटेश्वर बस्ने

अधिवक्ता रामबहादुर शाही ....................................................

२. बैतडी जिल्ला, दशरथ नगरपालिका, वडा नं. ४, भै हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३२, कोटेश्वर बस्ने अधिवक्ता तेजकुमार लोहिया ....................................................

३. बैतडी जिल्ला, दशरथ नगरपालिका, वडा नं. ४, हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३२, कोटेश्वर बस्ने अधिवक्ता त्रिलोकबहादुर चन्द ................................................

४. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.२, बस्ने प्रकृति खड्का ..........................................................................

५. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.२, बस्ने अधिवक्ता बिक्रम नगरकोटी .................................................... निवेदक

६. ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं.१३, बस्ने अधिवक्ता दिपक दुवे ..........................................................

७. सप्तरी जिल्ला, कंचनरुप नगरपालिका, वडा नं. १२, घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३२, बस्ने अधिवक्ता रमेशकुमार के.सी. ................................................

८. काभ्रेपलान्चोक जिल्ला, धुलिखेल न.पा. बस्ने अधिवक्ता कृष्णप्रसाद खनाल ......................................................................

९. खोटाङ जिल्ला, रावाबेशी गाउँपालिका, वडा नं. १, घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१६, बस्ने अधिवक्ता रिता के.सी. (पौडेल) .............................................

१०. बर्दिया जिल्ला, बढैयाताल गाउँपालिका, वडा नं. ४, को हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१०, बस्ने अधिवक्ता बलराम सुबेदी ................................................................

**०७७-wc-००९६**

१. संखुवासभा जिल्ला, पाँचखपन नगरपालिका, वडा नं. ८, बस्ने अधिवक्ता कुलबहादुर बोगटी .................................................................

२. काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ११, बस्ने अधिवक्ता सन्तोष भण्डारी ........................................................ निवेदक

३. इलाम जिल्ला, फाकफोकथुम गाउँपालिका, वडा नं. ४, बस्ने अधिवक्ता दीपकराज खनाल ...............................................................

**०७७-wc-००९७**

१. दार्चुला जिल्ला, शैल्यशिखर नगरपालिका, वडा नं. ८, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३०, बस्ने अधिवक्ता बिरभद्र जोशी ........................................................ निवेदक

**०७७-wc-००९८**

१. काठमाडौं जिल्ला, साबिक डाँछी गा.वि.स., वडा नं. ४, को परिवर्तित कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ४, डाँछी स्थित मुख्य कार्यालय रहेको मौलिक जरोकिलो पार्टीको तर्फबाट अख्तियार प्राप्त ऐ. पार्टीका उप-महासचिव तथा आफ्नो हकमा समेत काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ४, बस्ने लक्ष्मण पोखरेल .................. निवेदक

**विरूद्ध**

१. राष्ट्रपतिको कार्यालय, शितल निवास, महाराजगंज, काठमाडौं ...............

२. नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं .........................................................

३. प्रधानमन्त्री खड्गप्रसाद ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं .........................................................

४. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ..................... प्रत्यर्थी

५. नेपाल सरकारका गृहमन्त्री, गृह मन्त्रालय सिंहदरबार, काठमाडौं ..........

६. नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं .......................................................................

७. नेपाल सरकारका कानून, न्याय तथा संसदीय मामिला मन्त्री, सिंहदरबार काठमाडौं .........................................................................

८. नेपाल कानून आयोग, अन्तराष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वर .............

नेपालको संविधानको धारा १३३(१)(२)(३) बमोजिम यस संवैधानिक इजलासमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ।

१. नेपालको संविधानको धारा ११४ बमोजिम संसद नचलेको अवस्थामा अत्यावश्यक परेमा मात्र अल्पकालिन स्थितिको लागि अध्यादेश जारी गरिन्छ। दीर्घकालीन असर पर्ने विषयमा संसद छली अध्यादेश जारी गरिदैन। प्रतिनिधि सभामा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक पारित हुने अन्तिम अवस्थामा रहेकोमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मिति २०७८।२।९ मा नेपाल नागरिकता (पहिलो संशोधन)

अध्यादेश, २०७८ प्रमाणिकरण गरी जारी गरिएको कार्य दुरासायपूर्ण र अनुचित राजनीतिक स्वार्थ पूरा गर्न जारी गरिएको छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ३ पछि देहाय उपदफा ४, ५, ६ थपिएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७८ मा उल्लेख छ। उक्त उपदफा ४ मा **"संवत् २०७२ सालको असोज ३ गते भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ"** भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ११(३) मा "यो संविधान प्रारम्भ हुनु भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ" भन्ने उल्लेख भएको र संशोधन पूर्वको नागरिकता ऐन, २०६३ मा पनि सोही व्यवस्था छ। नेपालको संविधानको धारा ११ को उपधारा ३ सँग बाझिने गरी संशोधित अध्यादेशमा उपरोक्त उपदफा ४ थप गरिएको स्पष्ट छ।

२. अध्यादेशले थप गरेको नागरिकता ऐन, २०६३ को दफा ३ पछि थपिएको उपदफा (५) मा **"नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ"** भन्ने र ऐ. को उपदफा (६) मा **"उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिए बमोजिम स्वघोषणा गरेमा निजको नागरिकतालाई अंगीकृत नागरिकतामा परिणत गरिनेछ"** भन्ने उल्लेख छ। आमाले आफ्नो छोराछोरीको बाबुको पहिचान गर्न नसकेको विशेष कारण र आधार आमाले वा नागरिकता प्राप्त गर्न चाहनेले विश्वासिलो प्रमाणबाट पुष्टी गरेको अवस्थामा मात्र वंशजको नागरिकता दिने व्यवस्था हुनु पर्नेमा सहज रुपमा वंशजको नागरिकता दिने उक्त व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा ५ को **"नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने छ"** भन्ने व्यवस्थासँग बाझिएको छ। त्यस्तै बाबुको पहिचान ढाँटी वंशजको नागरिकता लिएको व्यक्तिले बाबुको नामबाट विदेशी मुलुकको नागरिकता नलिएको पुष्टी गरेमा अंगीकृत नागरिकतामा परिणत हुने व्यवस्था हुनुपर्नेमा झुक्याई वंशजको नागरिकता लिने व्यक्तिले स्वघोषणा गरेको भरमा अंगिकृत नागरिकता प्राप्त गर्ने उक्त व्यवस्था नेपालको संविधानको धारा १५ को उपधारा ५ सँग बाझिन गएको छ।

३. साबिक ऐनको दफा २१ को उपदफा ३ पछि उक्त संशोधित अध्यादेशद्वारा थप गरिएको उपदफा ३(क) मा **“कसैले दफा ३ को उपदफा (६) बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।”** भन्ने छ। सोही दफा २१ मा थपिएको उपदफा ३(ख) मा **“कसैले दफा ८ को उपदफा (१) को खण्ड (क१) बमोजिम गरेको स्वघोषणा झुट्टा ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ”** भन्ने उल्लेख छ। उपरोक्त प्रावधानहरु दफा ३ को उपदफा (६) सँग आधारित भएको र सो मूल प्रावधान नै नेपालको संविधानको धारा ११ को उपधारा ५ सँग बाझिएको छ।

४. साबिक ऐनको दफा ८ को उपदफा (१) को खण्ड पछि देहायको खण्ड (क१) थपिएको जसमा “नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको तोकिए बमोजिमको स्वघोषणा, तर निवेदन दिंदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस ठेगाना नभएको अवस्थामा सोको प्रमाण सहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नू पर्नेछ” भन्ने छ। आमाले आफ्ना सन्तानको विदेशी बाबुको पहिचान छिपाई वंशजको नागरिकता दिलाउन सक्ने खतरा रहने उक्त संशोधित प्रावधान नेपालको संविधानको धारा ११ को उपधारा ३ सँग स्पष्ट रुपमा बाझिएको छ। त्यस्तै साबिक ऐनको दफा ८ को उपदफा १ पछि उपदफा (१क) थपिएको छ जसमा “उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (४) बमोजिम नागरिकताको प्रमाणपत्र लिन निवेदन दिंदा बाबु र आमा दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नू पर्ने छ” भन्ने छ। सो कानूनी व्यवस्था नेपालको संविधानको धारा ११ को उपधारा ३ सँग बाझिएको छ।

५. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्नका लागि जारी गरिएको, नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ (प्रमाणीकरण मिति २०७८।२।९) द्वारा साबिक ऐनको दफा ३ पछि थप गरिएको उपदफा ४, ५, ६ मूल ऐनको दफा ८ को उपदफा १ को खण्ड (क) पछि खण्ड (१क), दफा ८ को उपदफा (१क) थपिएको र मूल ऐनको दफा २१ को उपदफा ३ पछि उपदफा (३क), (३ख) थपिएकोले उक्त नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ को सम्पूर्ण भाग नेपालको संविधानको धारा ११(२)(३)(५) सँग बाझिएकोले नेपालको संविधानको धारा १३३ को उपधारा १

बमोजिम उक्त अध्यादेशलाई प्रारम्भ देखि नै उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर घोषित गरी सो अध्यादेश कार्यान्वयन नगर्नू नगराउनू भन्नेसमेत परमादेशको आदेश जारी गरी पाउँ। साथै प्रस्तुत मुद्दाको अन्तिम टुंगो नलागेसम्म नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ कार्यान्वयन नगर्नू नगराउनू यथास्थितिमा राख्नू भनी अन्तरिम आदेश जारी गरी पाउँ भन्ने वरिष्ठ अधिवक्ता वोर्णबहादुर कार्की समेतको निवेदन दावी।

६. प्रस्तुत मुद्दाको सुनुवाईमा हाम्रो पनि सरोकार रहेको हुँदा सरिक हुन पाउँ भन्ने अधिवक्ता शैलेन्द्रप्रसाद अम्बेडकर (हरिजन), मोहना अन्सारी, अधिवक्ता मीरा ढुङ्गाना र अधिवक्ता सबिन श्रेष्ठको निवेदन।

७. निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरीम आदेशतर्फ, नेपालको संविधानको धारा ११४ मा "संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने" व्यवस्था रहेको छ। यसरी जारी भएको अध्यादेश ऐन सरह मान्य हुने, त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिने र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने व्यवस्था समेत सोही धारामा रहेको देखिन्छ। संविधानमा रहेको उल्लिखित प्रावधान तथा अध्यादेश सम्बन्धी अवधारणागत मान्यता अनुसार संसदको अधिवेशन चलिरहेको अवस्थामा अध्यादेश जारी हुन सक्तैन। यसका अतिरिक्त **"तत्काल केही गर्न आवश्यक परेमा"** अध्यादेश जारी गर्न सकिने वा मिल्ने अवस्था रहन सक्तछ। संविधानमा रहेको उक्त प्रावधानको सापेक्षतामा नागरिकता सम्बन्धी विवादित अध्यादेशलाई हेर्नु पर्ने देखिन्छ।

८. कानून निर्माण गर्ने अधिकार विधायिकामा निहित रहेको छ। राज्यको शासन व्यवस्था सञ्चालनको क्रममा यदाकदा विधायिका (संसद) को अधिवेशन चालु नरहेको अवस्थामा "तत्काल केही गर्न आवश्यक परेमा" सिमित अवधिसम्म प्रभावी रहने गरी अध्यादेश जारी गर्ने अधिकार कार्यपालिकालाई संविधानले प्रदान गर्ने अभ्यास पनि रही आएको छ। तर यसरी अध्यादेश जारी गर्ने कुराका सिमा बन्देजहरु छन्। संविधानद्वारा निर्धारित सिमा बन्देज नाघेर अध्यादेश जारी गर्न मिल्दैन। शासकीय सुविधा वा अमुक राजनीतिक उद्देश्य प्राप्तिका लागि विधायिका (संसद) लाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्तछ[1]।

[1] "The primary law making authority under the Constitution is the Legislature and not the Executive" ..... "The power to promulgate an Ordinance is essentially a power to be used to

विधायिकालाई छल्ने उद्देश्यले जारी गरिएको अध्यादेशलाई छद्म विधायन (Colorable Legislation) मानिन्छ र त्यस प्रकारको अध्यादेशले संवैधानिक बैधता प्राप्त गर्न सक्तैन भन्ने कानूनी सिद्धान्त रही आएको छ।

९. नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने कार्य नेपालको संविधान जारी हुनुभन्दा अगाडि र संविधान जारी भएपछि पनि निरन्तर रुपमा भैआएकै पाइन्छ। नेपाल नागरिकता ऐन, २०६३ समेतका कानून कार्यान्वयनमा रहेकै छन्। यसमा कुनै थपघट वा संशोधन गर्नू पर्ने विषय यदि छन् भने पनि त्यसको परिपूर्ती विधायिकी प्रक्रियाबाट हुन सक्ने नै देखिन्छ। उक्त ऐनमा संशोधनका लागि २०७५ सालमा विधेयक तर्जुमा भई संघीय संसदको माथिल्लो सदन (राष्ट्रिय सभा) बाट संशोधन विधेयक पारीत भई प्रतिनिधि सभामा पठाइएको र सो विधेयक हालसम्म पारित भैनसकेको भन्ने तथ्य समेत प्रस्तुत हुन आएका छन्। यसरी करिब तीन बर्ष अगाडिदेखि संसदमा विधेयक विचाराधीन रहेको र त्यसलाई पारीत गर्ने वा नगर्ने विषयमा कुनै निर्णय भैनसकेको नागरिकता सम्बन्धी विषयमा **"तत्काल"** के कारणबाट आवश्यक परेर अहिले अध्यादेश जारी गर्नू परेको हो? भन्ने सम्बन्धमा कुनै चित्त बुझ्दो कारण प्रत्यर्थीहरुका तर्फबाट प्रस्तुत हुन आएको पाइएन।

१०. नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८ जेष्ठ ८ गते गरिएको निर्णय र सिफारिस अनुसार सोही मितिमा प्रतिनिधि सभाको विघटन गरिएको र लगत्तै अर्को दिन अर्थात ९ गते विवादित अध्यादेश जारी गरिएको देखिन्छ। अघिल्लो दिन संसदको प्रतिनिधि सभा विघटन भएको र लगत्तै भोलिपल्ट अध्यादेश जारी गरिएको देखिंदा यस प्रकारको अभ्यासलाई सहज, सामान्य वा नियमित अभ्यासको रुपमा लिइयो भने संविधानद्वारा प्रदत्त विधायिकाको अधिकार वा कार्यक्षेत्रमा हस्तक्षेप हुन पुग्ने र शक्ति पृथकीकरणको सिद्धान्त अनुकूल व्यवस्थित संविधानका प्रावधानहरुको प्रयोग वा कार्यान्वयनमा अनुचित असर पर्न जाने समेत देखिन्छ।

११. यस प्रकार विवादित अध्यादेशको विषय र जारी गरिएको समय-सन्दर्भ समेत नेपालको संविधानको धारा ११४ अनुकूल भए-नभएको विषय विचारणीय बन्न आएको छ। विवादित अध्यादेश पछि संघीय संसदबाट यदि पारित हुन नसकेको स्थितिमा सो अध्यादेश बमोजिम वितरित नेपाली नागरिकताको प्रमाणपत्रको विषयमा कानूनी जटिलता पैदा हुने अवस्था समेत रहने देखिन्छ। यस प्रकारको विषयमा संघीय संसदबाट विधेयक पारित भई निर्माण भएको ऐनबाट नै आवश्यक व्यवस्था मिलाउनु उपयुक्त हुन्छ। यो नै कानून निर्माणको

---

meet an extra-ordinary situation and it cannot be allowed to be "perverted to serve political ends." भनी भारतीय सर्वोच्च अदालतले Dr. D.C. Wadhwa Vs. State Of Bihar, (1987 AIR 579) को विवादमा 20 December, 1986 मा व्याख्या गरेको छ।

नियमित संवैधानिक प्रकृया पनि हो। यसरी सुविधा सन्तुलनका दृष्टीले हेर्दा अहिले नै अध्यादेश कार्यान्वयन गर्नुको न्यायिक औचित्य देखिन आएन। तसर्थ नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिस बमोजिम मिति २०७८।२।९ मा सम्माननीय राष्ट्रपतिबाट जारी (प्रमाणीकरण) भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ प्रस्तुत रिट निवेदन अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राखू भनी प्रत्यर्थीहरुका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ भन्ने यस अदालतको मिति २०७८।२।२७ को आदेश।

१२. संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा लामो समयदेखि विचाराधीन रहेकोले संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको र सो अध्यादेश संविधानसँग नबाझिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

१३. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा विचाराधीन रहेको र नेपालको संविधान बमोजिम नेपालको नागरिकता प्राप्त गर्न पाउने व्यक्तिहरु नागरिकता पाउनबाट बञ्चित भई पेशा, व्यवसाय तथा रोजगारको हकमा समेत प्रतिकूल असर पर्न गएको र तत्काल संसदको अधिवेशन नरहेकोले संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संविधानको धारा ११४ बमोजिम अध्यादेश जारी गर्नू परेको हो। सम्मानित सर्वोच्च अदालतबाट निवेदक लक्ष्मीकुमारी शर्मा विरुद्ध जिल्ला प्रशासन कार्यलय बबरमहल, काठमाण्डौसमेत (ने.का.प. २०७७ नि.नं. १०४५८), सुनिल शाह विरुद्ध डिनको कार्यालय त्रिभुवन विश्वविद्यालय इन्जिनियरङ्ग अध्ययन संस्थानसमेत (ने.का.प. २०७६ नि.नं. १०३४१) भएको रिट निवेदनमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका बाबु आमाका सन्तानलाई नागरिकता दिनू भन्ने आदेशसमेत भएकोले अदालतको आदेश र संवैधानिक व्यवस्था कार्यान्वयनको लागि गरिएको कानूनी व्यवस्थालाई संविधानसँग बाझिएको भन्न मिल्दैन। अध्यादेशको दफा ३ मा थप गरिएको उपदफा (४), (५) र (६) को व्यवस्था संविधानको धारा ११ को उपधारा (३)(५) मा भएको संवैधानिक व्यवस्था बमोजिम नै गरिएको छ। अध्यादेशमा ऐनको दफा ८ मा उपदफा (१क) थप गरिएको व्यवस्था संविधान तथा सम्मानित सर्वोच्च अदालतबाट आमाको नामबाट नागरिकता दिनू भनी विभिन्न मुद्दामा गरिएको आदेश कार्यान्वयन गर्न सहजताको लागि गरिएको व्यवस्था हो। प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

१४. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न जारी गरिएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश २०७८ प्रमाणित मिति २०७८।२।९ द्वारा मूल ऐनको दफा ३ पछि उपदफाहरु ४, ५, ६ थपिएको, नागरिकता ऐन, को दफा ८ को उपदफा १ को खण्ड (क) पछि खण्ड (क)(१) थपिएको, दफा ८ को उपदफा (१) पछि उपदफा (१क) थपिएको र नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा ३ पछि देहायको उपदफा ३(क), ३(ख) थपिएकोले उक्त नेपाल नागरिकता ऐन, २०६३ पहिलो संशोधन अध्यादेश २०७८ को प्रावधानहरु नेपालको संविधानको धारा ११(२), (३), (५) सँग बाझिएको हुँदा उक्त अध्यादेशलाई सुरुदेखि नै अमान्य र बदर घोषित गरी अध्यादेश कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीका नाममा परमादेशको आदेश समेत जारी गरी पाउँ। निवेदनको अन्तिम टुंगो नलागेसम्म नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश २०७८ तत्काल कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राख्नू भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने अधिवक्ता विष्णुकुमार गिरी समेतको निवेदन दावी।

१५. निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुलाई सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश सम्बन्धमा ०७७-WC-००७४ रिट निवेदनमा आज अन्तरिम आदेश जारी भएकोले सोही बमोजिमको समान आधार र कारणबाट यसमा समेत नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिस बमोजिम मिति २०७८।२।९ मा सम्माननीय राष्ट्रपतिबाट जारी (प्रमाणीकरण) भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ प्रस्तुत रिट निवेदन अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राख्नू भन्ने यस अदालतबाट मिति २०७८।२।२७ मा भएको आदेश।

१६. संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा लामो समयदेखि विचाराधीन रहेको हुँदा संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको र सो अध्यादेश संविधानसँग नबाझिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

१७. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।२।३ गते भएको निर्णय र सो निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८" जारी हुन सिफारिस भएको र संघीय संसदको दुवै अधिवेशन चलिरहेको अवस्था

नभएकोले राष्ट्रपतिबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो। संविधानको धारा ११४ को उपधारा (१) मा भएको बाध्यात्मक व्यवस्थालाई सम्माननीय राष्ट्रपतिज्यूबाट कार्यान्वयन मात्र भएको हो। रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

१८. अध्यादेश तत्काल केही गर्न आवश्यक भएमा जारी गरिने हो। तत्काल केही गर्न आवश्यक थियो वा थिएन भन्ने विषयको परीक्षण अदालतबाट हुने नभै संघीय संसदबाट हुने हो। संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (क) बमोजिम जारी भएको अध्यादेश संघीय संसदको दुवै सदनमा पेश गरिने छ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निस्कृय हुनेछ भन्ने व्यवस्था गरेकोले संघीय संसदमा पेश भई संघीय संसदले स्वीकृत गर्ने वा नगर्ने विषयमा सो हुनु पूर्व अदालतबाट वैधानिकता परीक्षण हुन मिल्दैन। संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकारले संघीय संसदको प्रतिनिधि सभामा पेश गरेकोमा सो सभामा विचाराधीन रहेको हुँदा संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सहजता प्रदान गर्ने उद्देश्यले अध्यादेश जारी भएको हुँदा निवेदन खारेजभागी छ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

**०७७-wc-००९५**

१९. नेपालको नागरिकता अध्यादेश, २०७८ को दफा २ मा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(३) पछि उपदफा (४)(५)(६) थपिएको, सोही अध्यादेशको दफा ३ मा मूल ऐनको दफा ८(१) खण्ड (क) पछि (क१) थपिएको समेत थपिएकोले नेपालको नागरिकता सम्बन्धी अध्यादेश, २०७८ मा थप भएको सपूर्ण भागहरु नेपालको संविधान, २०७२ को धारा ११ को उपधारा २, ३ र ५ सँग बाझिएकोले उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर गरी उक्त अध्यादेशबाट हुने सम्पूर्ण काम कारबाही नगर्नू नगराउनू भनी परमादेशसमेत जारी गरी अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने अधिवक्ता रामबहादुर शाहीसमेतको निवेदन दावी।

२०. निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुलाई सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश सम्बन्धमा ०७७-**WC**-००७४ रिट निवेदनका सन्दर्भमा आज अन्तरिम आदेश जारी भएकोले सोही बमोजिमको समान आधार र कारणबाट यसमा समेत नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिस बमोजिम मिति २०७८।२।९ मा सम्माननीय

राष्ट्रपतिबाट जारी (प्रमाणीकरण) भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ प्रस्तुत रिट निवेदन अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राखू भन्ने यस अदालतबाट मिति २०७८।२।२७ मा भएको आदेश।

२१. संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा लामो समयदेखि विचाराधीन रहेको र संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको र सो अध्यादेश संविधानसँग नबाझिएको हुँदा सम्मानित अदालतबाट मिति २०७८।०२।२७ मा जारी भएको अन्तरिम आदेश सहित प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

२२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।२।३ गते भएको निर्णय र सो निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट “नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८” जारी हुन सिफारिस भएकोले संविधानको प्रावधान बमोजिम संघीय संसदको दुवै अधिवेशन चलिरहेको अवस्था नभएकोले राष्ट्रपतिबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो। संविधानको धारा ११४(१) मा भएको बाध्यात्मक व्यवस्थालाई सम्माननीय राष्ट्रपतिज्यूबाट कार्यान्वयन मात्र भएकोले अध्यादेश जारी गर्ने कार्य संविधानसम्मत छ, रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

२३. अध्यादेशको व्यवस्था संविधान तथा सम्मानित सर्वोच्च अदालतबाट आमाको नामबाट नागरिकता दिनू भनी विभिन्न मुद्दामा गरिएको आदेश कार्यान्वयन गर्न, संविधान बमोजिम नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने सहजताको लागि उक्त व्यवस्था गरिएको हो। अध्यादेश तत्काल केही गर्न आवश्यक भएमा जारी गरिने हो। तत्काल केही गर्न आवश्यक थियो वा थिएन भन्ने विषयको परीक्षण अदालतबाट हुने नभै संघीय संसदबाट हुने हो भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

२४. प्रत्यर्थी कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका नाउँमा जारी भएको म्याद मिति २०७८।२।३० मा तामेल भएकोमा लिखित जवाफ पेश नगरी म्याद गुजारी बसेको देखिंयो।

**०७७-wc-००९६**

२५. नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ ले मूल ऐन नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा उपदफाहरु (४), (५) र (६) थपिएको, त्यसैगरी मूल ऐनको दफा ८ को उपदफा (१) खण्ड (क) पछि खण्ड (क१) थपेको र मूल ऐनको सोही दफा ८ को उपदफा (१) पछि खण्ड (१क) थपिएको तथा मूल ऐनको दफा २१ को उपदफा

३ पछि उपदफा (३क) र (३ख) थपिएको छ। नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ मा गरिएको उक्त व्यवस्था नेपालको संविधानको ११ को उपधारा (२), (३), (४) र (५) सँग बाझिएको छ। लोकतान्त्रिक विधि, पद्धति र मूल्य मान्यतामा कार्य सँगै उचित प्रक्रिया (Due Process) ले मात्र कार्य विश्वसनिय (Reliable), वैध (Legitimate and Valid) हुन सक्छ। प्रत्यर्थीहरुद्वारा मिति २०७८।२।९ गते जारी नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ को सम्पूर्ण भागसहित त्यसले थप गरेका प्रावधानहरु नेपालको संविधानको ब्यवस्था, मर्म र भावना विपरीत र कार्यविधिगत त्रुटी गरी ल्याएको तथा संविधानको धाराहरु ११(२), (३), (५) सँगसमेत बाझिएको हुँदा बदरभागी हुँदा अध्यादेशलाई प्रारम्भदेखि नै उत्प्रेषणको आदेशबाट अमान्य र बदर घोषित गरी पाउँ। सो अध्यादेशलाई कार्यान्यिन नगर्नू नगराउनू र सो अध्यादेशको कारणले कोही कसैले नागरिकता प्राप्त गरी सकेको रहेछ भने तत्काल रद्द गर्नू भनी विपक्षीहरुका नाउँमा परमादेश लगायत आदेश जारी गरी यो मुद्दाको अन्तिम कारवाही किनारा नहुँदासम्मको लागि नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ कार्यान्वयन नगर्नू नगराउनू र यथास्थितिमा राख्नू भनी अन्तरिम आदेश जारी गरी अग्राधिकारसमेत प्रदान गरी पाउँ भन्ने अधिवक्ता कुलबहादुर बोगटीसमेत निवेदन दावी।

२६. निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुलाई सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश सम्बन्धमा ०७७-WC-००७४ रिट निवेदनमा आज अन्तरिम आदेश जारी भएकोले सोही बमोजिमको समान आधार र कारणबाट यसमा समेत नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिस बमोजिम मिति २०७८।२।९ मा सम्माननीय राष्ट्रपतिबाट जारी (प्रमाणीकरण) भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ प्रस्तुत रिट निवेदन अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राख्नू भनी प्रत्यर्थीहरुका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ भन्ने यस अदालतबाट मिति २०७८।२।२७ मा भएको आदेश।

२७. नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था रहेको र त्यस्तो अध्यादेश ऐन सरह मान्य हुने संवैधानिक व्यवस्था छ। नेपाल नागरिकता ऐन (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी गर्दा यस आयोगको कुनै भूमिका नरहने भएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने नेपाल कानून आयोगको लिखित जवाफ।

२८. नेपालको संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकारले संघीय संसदको प्रतिनिधि सभामा पेश गरेकोमा उक्त विधेयक सो सभामा लामो समयदेखि विचाराधीन रहेको हुँदा संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले अध्यादेश जारी भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र ऐ. मन्त्रालयको मन्त्री लिलानाथ श्रेष्ठको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

२९. संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा लामो समयदेखि विचाराधीन रहेको र संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको तथा उक्त अध्यादेश संविधानसँग नबाझिएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकारका गृह मन्त्री खगराज अधिकारी र नेपाल सरकार, गृह मन्त्रालयको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

३०. नेपालको संविधानको धारा ११४ को उपधारा (१) मा "संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ" भन्ने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।२।३ गतेको निर्णय र सो निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८" जारी हुन सिफारिस भएकोले संविधानको प्रावधान बमोजिम संघीय संसदको दुवै अधिवेशन चलिरहेको अवस्था नभएकोले राष्ट्रपतिज्यूबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो। संविधानको धारा ११४ को उपधारा (१) मा भएको बाध्यात्मक व्यवस्थालाई सम्माननीय राष्ट्रपतिज्यूबाट कार्यान्वयन मात्र भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

३१. सम्मानित सर्वोच्च अदालतबाट आमाको नामबाट नागरिकता दिनू भनी विभिन्न मुद्दामा गरिएको आदेश कार्यान्वयन गर्न तथा संविधान बमोजिम नेपाली नागरिकलाई नागरिकता प्रदान गर्न सहजताको लागि उक्त व्यवस्था हो। अध्यादेश तत्काल केही गर्न आवश्यक भएमा जारी गरिने हो। तत्काल केही गर्न आवश्यक थियो वा थिएन भन्ने विषयको परीक्षण अदालतबाट हुने नभै संघीय संसदबाट हुने हो। प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा नेपाल सरकारका प्रधानमन्त्री खड्गप्रसाद शर्मा वलीको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

३२. मिति २०७८।२।९ मा राष्ट्रपतिको कार्यालयबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी गरिएकोमा उक्त अध्यादेशमा विपक्षीहरुद्वारा मिति २०७८।२।९ गते नेपाल नागरिकता ऐन, २०६३ ऐनको दफा ३ पछि उपदफा ४, ५, ६ थपिएको, मूल ऐनको दफा ८ को उपदफा १ को खण्ड (क) पछि देहायको खण्ड (क१) र दफा ८ को उपदफा १ पछि देहायको उपदफा (१क) थपिएको तथा मूल ऐनको दफा २१ को उपदफा ३ पछि उपदफा (३क), (३ख) थपिएकोले उक्त नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ को सम्पूर्ण भाग नेपालको संविधानको धारा ११ को उपधारा (२), (३), (५) सँग बाझिन गएको तथा त्यसरी अध्यादेश जारी गर्ने कार्य नेपालको संविधानको प्रस्तावना तथा धारा १, २, ५, १६ र १७ को विपरीत हुनुका साथै बदनियतपूर्वक एवं दुराशयपूर्ण रहेकोले नेपालको संविधानको धारा १३३(१) बमोजिम उक्त अध्यादेशलाई प्रारम्भ देखि नै अमान्य र बदर घोषित गरी कार्यान्वयन नगर्नू नगराउनू भनी परमादेशको आदेशसमेत जारी गरी रिट निवेदनको टुंगो नलागेसम्म नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी गर्ने निर्णय कार्यान्वयन नगर्नू नगराउनू भनी अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने अधिवक्ता बीरभद्र जोशीको निवेदन दावी।

३३. निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुलाई सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश सम्बन्धमा ०७७-WC-००७४ रिट निवेदनका सन्दर्भमा आज अन्तरिम आदेश जारी भएकोले सोही बमोजिमको समान आधार र कारणबाट यसमा समेत नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिस बमोजिम मिति २०७८।२।९ मा सम्माननीय राष्ट्रपतिबाट जारी (प्रमाणीकरण) भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ प्रस्तुत रिट निवेदन अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राखू भन्ने यस अदालतबाट मिति २०७८।२।२७ मा भएको आदेश।

३४. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकारले संघीय संसदको प्रतिनिधि सभामा पेश गरेकोमा सो सभामा विचाराधीन रहेको छ। नेपालको संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गरी संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले अध्यादेश जारी भएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

३५. संवैधानिक व्यवस्थालाई तत्काल कार्यान्वयन गर्न र संघीय संसदको अधिवेशन नचलेकोले संविधानको धारा ११४ बमोजिम नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो। संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा लामो समयदेखि विचाराधीन रहेको र संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो।सो अध्यादेश संविधानसँग नबाझिएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

३६. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।२।३ को निर्णय र सो निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८" जारी हुन सिफारिस भएको, संविधान बमोजिम संघीय संसदको दुवै अधिवेशन चलिरहेको अवस्था नभएकोले राष्ट्रपतिबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो। संविधानको धारा ११४(१) को व्यवस्थालाई राष्ट्रपतिबाट कार्यान्वयन मात्र भएकोले अध्यादेश जारी गर्ने कार्य संविधानसम्मत छ, रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

३७. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकारले संघीय संसदको प्रतिनिधि सभामा २०७५ सालमा नै पेश गरेकोमा सो सभामा विचाराधीन रहेको छ। संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सहजता प्रदान गर्ने उद्देश्यले अध्यादेश जारी भएकोले प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

**०७७-WC-००९८**

३८. मिति २०७८।०२।०९ मा राष्ट्रपतिको कार्यालयबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश २०७८ जारी गर्ने कार्य नेपालको संविधानको धारा ११४ को मर्म र भावना समेतको विपरीत भई संविधानको प्रस्तावना, मूल्य, मान्यता तथा धारा १, २, ५, १६ र १७ समेतको विपरीत हुनुको साथै दुराशयपूर्ण रहेको छ। उक्त अध्यादेशमा नेपाल नागरिकता ऐन, २०६३ मा दफा ३ अन्तर्गत उपदफा (४), (५) र (६) थपिएको, सोही अध्यादेशमा नेपालको नागरिकता ऐन, २०६३ को दफा ८ को उपदफा १ को खण्ड (क) पछि देहाय खण्ड (क१) थपिएको, दफा ८ को उपदफा १ पछि देहायको उपदफा (१क) थपिएको र मूल ऐनको दफा २१ को उपदफा ३ पछि उपदफा (३क), (३ख) थपिएकोले उक्त नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ को सम्पूर्ण भाग नेपालको संविधानको धारा ११ को उपधारा (२), (३), (५) समेतसँग बाझिन गएको हुँदा नेपालको

संविधानको धारा १३३(१) बमोजिम उक्त अध्यादेशलाई प्रारम्भ देखि नै अमान्य र बदर घोषित गरी अध्यादेश कार्यान्वयन नगर्नू नगराउनू भनी परमादेश जारी गरी पाउँ। साथै नागरिकता दिन योग्य रहेका व्यक्तिहरुलाई अन्य शर्तका अतिरिक्त निजको वस्तुगत (Objective), क्रमागत (Systematic), परीक्षणीय (Verifiable) र भरपर्दो (Reliable) विधि सहितका प्रक्रियाबाट व्यक्तिको परीक्षण गरी नागरिकता प्रदान गर्न बाञ्छनीय हुन्छ। उक्त विधि र प्रक्रियाहरुलाई समेत समेटिने गरी राष्ट्रिय नागरिकता नीति बनाई नागरिकता ऐन निर्माण गर्नू भनी परमादेशको आदेशसमेत जारी गरी पाउँ। रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी नेपाल सरकारबाट जारी भएको उक्त अध्यादेशको कुनै पनि काम कारवाही अगाडि नबढाउनु र उक्त ऐनको कार्यान्वयन गर्नू नगराउनू भनी अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने मौलिक जरोकिलो पार्टी र ऐ. पार्टीका उप-महासचिव लक्ष्मण पोखरेलको निवेदन दावी।

३९. निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भनी विपक्षीहरुलाई सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश सम्बन्धमा ०७७-WC-००७४ रिट निवेदनका सन्दर्भमा आज अन्तरिम आदेश जारी भएकोले सोही बमोजिमको समान आधार र कारणबाट यसमा समेत नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिस बमोजिम मिति २०७८।२।९ मा सम्माननीय राष्ट्रपतिबाट जारी (प्रमाणीकरण) भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ प्रस्तुत रिट निवेदन अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू, यथास्थितिमा राखू भन्ने यस अदालतबाट मिति २०७८।२।२७ मा भएको आदेश।

४०. नेपालको संविधान जारी भएपछि नागरिकता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न ऐनमा आवश्यक संशोधनका लागि नेपाल सरकारले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा सम्बत् २०७५ सालमा नै पेश गरेको थियो। संवैधानिक व्यवस्थालाई तत्काल कार्यान्वयन गर्न आवश्यक भएको र संघीय संसदको अधिवेशन नचलेकोले संविधानको धारा ११४ बमोजिम नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी गरिएको हो। संविधानमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकारले संघीय संसदको प्रतिनिधि सभामा सम्बत २०७५ सालमा नै पेश गरेकोमा उक्त विधेयक सोही सभामा लामो समयदेखि विचाराधीन रही राष्ट्रिय सभामा प्रस्तुत हुन बाँकी नै रहेकोले संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने

कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले अध्यादेश जारी भएकोले प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

४१. संविधान बमोजिम नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यलाई सजहता प्रदान गर्ने उद्देश्यले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो। सो अध्यादेश संविधानसँग नबाझिएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

४२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।२।३ गते भएको निर्णय र सो निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट “नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८” जारी हुन सिफारिस भएकोले संविधानको प्रावधान बमोजिम संघीय संसदको दुवै अधिवेशन चलिरहेको अवस्था नभएकोले राष्ट्रपतिबाट नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको हो। संविधानको धारा ११४ को उपधारा (१) मा भएको बाध्यात्मक व्यवस्थालाई राष्ट्रपतिबाट कार्यान्वयन मात्र भएकोले अध्यादेश जारी गर्ने कार्य संविधानसम्मत छ, रिट निवेदन खारेज गरी पाउँ भन्ने राष्ट्रपतिको कार्यालयको लिखित जवाफ।

४३. संविधानको व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट आमाको नामबाट नागरिकता दिनू भनी विभिन्न मुद्दामा गरिएको आदेश कार्यान्वयन गर्न सहजताको लागि अध्यादेशमा थप व्यवस्था गरिएको हो। अध्यादेश तत्काल केही गर्न आवश्यक भएमा जारी गरिने हो। तत्काल केही गर्न आवश्यक थियो वा थिएन भन्ने विषयको परीक्षण अदालतबाट हुने नभै संघीय संसदबाट हुने हो। प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

## अदालतको ठहर

४४. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएका प्रस्तुत रिट निवेदनहरुमा निवेदन सहितको मिसिल कागजात अध्ययन गरियो।

४५. निवेदकतर्फबाट वरिष्ठ अधिवक्ता श्री बालकृष्ण न्यौपानेले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ खारेज वा निष्क्रिय भएको आधिकारिक जानकारी छैन। त्यसैले माग बमोजिम आदेश जारी गरी पाउँ भनी गर्नू भएको बहस सुनियो।

४६. प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान नायव महान्यायाधिवक्ता श्री कृष्णजीवि घिमिरेले नेपालको संविधानको धारा ११४(२) को प्रतिबन्धात्मक वाक्यांश खण्ड (ग) मा “खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिन पछि स्वत: निष्क्रिय हुनेछ” भन्ने व्यवस्था रहेको छ। नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिने

संवैधानिक व्यवस्था रहेको र त्यसरी पेश गरिएकोमा दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुने संवैधानिक व्यवस्था रहेकोमा दुवै सदनले स्वीकार गरेको भन्ने अवस्था नहुँदा दुवै सदनको बैठक बसेको साठी दिनपछि "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८" स्वतः निष्क्रिय भएकोले प्रस्तुत रिट जारी हुने अवस्था नहुँदा खारेज गरी पाउँ भनी गर्नू भएको बहस सुनियो।

४७. उल्लेखित निवेदन दावी एवं लिखित जवाफ तथा प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान नायव महान्यायाधिवक्ताको बहस समेतलाई मध्यनजर गर्दा निवेदन मागबमोजिम आदेश जारी हुने हो वा होइन ? भनी निर्णय दिनू पर्ने देखिंयो।

४८. यसमा निर्णयतर्फ हेर्दा, नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्नका लागि जारी गरिएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ (प्रमाणीकरण मिति २०७८।२।९) द्वारा साबिक ऐनको दफा ३ पछि उपदफा ४, ५ र ६ थपिएको, मूल ऐनको दफा ८ को उपदफा १ को खण्ड (क) पछि खण्ड (१क), दफा ८ को उपदफा (१क) थपिएको र मूल ऐनको दफा २१ को उपदफा ३ पछि उपदफा (३क), (३ख) थपिएकोले उक्त नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ को सम्पूर्ण भाग नेपालको संविधानको धारा ११(२)(३)(५) सँग बाझिएकोले नेपालको संविधानको धारा १३३ को उपधारा १ बमोजिम उक्त अध्यादेशलाई प्रारम्भ देखि नै उत्प्रेषणको आदेशद्वारा अमान्य र बदर घोषित गरी सो अध्यादेश कार्यान्वयन नगर्नू नगराउनू भन्नेसमेत परमादेशको आदेश जारी गरी पाउँ भन्ने ६ वटै रिट निवेदनमा मूलत: एकै किसिमको दावी देखिन्छ।

४९. विधायिकी, कार्यकारीणी र न्यायिक जस्ता राज्यको शक्ति एकै व्यक्ति वा निकायमा राख्नु हुदैंन। त्यस्तो राज्यको शक्ति वा शासकीय अधिकार विधायिका, कार्यपालिका र न्यायपालिका जस्ता छुट्टाछुट्टै निकायहरुबाट प्रयोग हुनु पर्दछ भन्ने सैद्धान्तिक मान्यता शक्ति पृथकीकरणको सिद्धान्तमा रहेको पाइन्छ। विधायिकी अधिकारको प्रयोग जनताद्वारा जनप्रतिनिधिको रुपमा निर्वाचित विधायकहरु रहेको राज्यको विधि निर्माण गर्ने निकायबाट हुनु पर्दछ भन्ने शक्ति पृथकीकरणको सिद्धान्तलाई नेपालको संविधानले समेत अङ्गिकार गरेको पाइन्छ। प्रजातान्त्रिक शासन व्यवस्थामा जनताद्वारा निर्वाचित प्रतिनिधिहरुद्वारा कानून निर्माणको व्यवस्थापिकीय कार्य सञ्चालन गरिन्छ। प्रजातान्त्रिक शासन प्रणालीमा जनप्रतिनिधिहरु रहने विधायिकाबाट व्यापक छलफल हुने र जनचाहना अनुरुपको कानून निर्माण हुन अपेक्षा गरिन्छ। यसैले कानून निर्माणको कार्य विधायिकाद्वारा नै सम्पादन गरिन्छ। अर्थात विधायिकालाई केही अपवादात्मक अवस्था वा विषयमा बाहेक सबै विषयमा कानून बनाउने अधिकार प्रदान गरिएको हुन्छ।

५०. यद्यपी, विधायिकी निकायको संवैधानिक संरचना एवं संघीय संसदको परम्परागत कार्य प्रणाली अनुसार संसदको अधिवेशन आव्हान र अन्त्य हुने हुँदा विधायिकी निकाय सधै क्रियाशील रहदैन। संसदको एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भ नहुने अवस्था विभिन्न समयमा आई पर्दछ। यसरी विधायिकी अधिवेशन सधै बसी नरहने हुनाले संघीय संसदको दुवै सदनको अधिवेशन नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक पर्ने अवस्था आई पर्न सक्छ। त्यस्तो अवस्थामा तत्काल विधायिकाले कानून निर्माण गर्न सम्भव हुँदैन। यसैले कानून निर्माण गर्ने निकाय क्रियाशील नभएको अवस्थामा अर्थात विधायिकी अधिवेशन नचलेको अवस्थामा तत्काल उत्पन्न परिस्थितिको सामना गर्न कुनै विषयमा कानून निर्माण गर्नू परेमा देशको शासन व्यवस्था सञ्चालन गर्ने अधिकार कार्यकारिणी निकायलाई अध्यादेशको माध्यम अवलम्वन गरेर आवश्यक कानून निर्माण गर्न सक्ने प्रक्रियालाई प्रजातान्त्रिक शासन व्यवस्थामा स्वीकार गरिएको पाइन्छ। यसैले अध्यादेश विशेष परिस्थितिमा तत्कालै कुनै कानूनी व्यवस्था गर्न आवश्यक भएमा राज्यको कार्यकारिणी निकायद्वारा विधायिकी अधिकारको प्रयोग गरी जारी गरिने कानूनको रुपमा लिइन्छ। तथापी कार्यकारिणी अंगलाई प्रदान गरिएको अध्यादेश जारी गरिने अधिकार अंकुश वा सीमा रहित भने हुँदैन। मूलत: कार्यकारिणीद्वारा तत्काल केही गर्न आवश्यक परेमा अध्यादेश जारी गरिने हुँदा उक्त कानून स्थायी वा दीर्घकालीन प्रकृतिको नभई सीमित समयसम्म लागू हुन्छ।

५१. अध्यादेश सम्बन्धी संवैधानिक व्यवस्था हेरिएमा नेपालको संविधानको धारा ११४(१) मा **"संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ"** भन्ने छ। सोही धारा ११४ को उपधारा (२) मा **"उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ ।**

**तर त्यस्तो प्रत्येक अध्यादेश,-**

**(क) जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ,**

**(ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र**

**(ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिन पछि स्वतः निष्क्रिय हुनेछ ।**

**<u>स्पष्टीकरण</u> : यस उपधाराको प्रयोजनका लागि "दुवै सदनको बैठक बसेको दिन" भन्नाले "संघीय संसदका दुवै सदनको अधिवेशन प्रारम्भ भएको वा बैठक बसेको दिन सम्झनु पर्छ र सो शब्दले संघीय संसदका सदनहरूको बैठक अघिपछि गरी बसेको अवस्थामा जुन बैठक पछि बसेको छ सोही दिनलाई जनाउँछ"** भन्ने छ।

५२. अध्यादेश कार्यकारिणीले जारी गरे पछि अध्यादेशलाई संघीय संसदको दुवै सदनमा पेश गर्नू पर्ने र दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुने उल्लिखित संवैधानिक प्रावधान रहेको देखिंदा विधायिकी प्रक्रियाद्वारा त्यस्तो कानूनी व्यवस्था अनुमोदन नभएमा वा राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुने देखिंयो। यसैले अध्यादेशको कानूनी व्यवस्था विधायिकी अङ्ग संघीय संसदको दुवै सदनले स्वीकार नगरेमा वा राष्ट्रपतिबाट खारेज भएमा वा त्यसरी निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिन पछि स्वत: निष्क्रिय हुने देखिंदा संघीय संसदले स्वीकार नगरेमा अध्यादेश कै रुपमा लामो समयसम्म कानूनी हैसियत कायम रहने देखिएन।

५३. **"जुन अध्यादेशको संवैधानिकताको प्रश्न उठाइएको छ, सो अध्यादेश निष्क्रिय भै अस्तित्वमा रहेको देखिंदैन। अस्तित्व विहीन कुरामा यस अदालतले त्यसको संवैधानिकताको परीक्षण गर्नू उपयुक्त तथा तर्कपूर्ण हुँदैन। तसर्थ मिति २०६०।४।१ मा जारी गरिएको विवादित अध्यादेश निष्क्रिय भइसकेको अवस्थामा उक्त अध्यादेशको संवैधानिकताको विषयमा विवेचना गरिरहनु पर्ने आवश्यकता नदेखिने।"** भनी यसै सर्वोच्च अदालत, विशेष इजलासबाट सिद्धान्त (निवेदक अधिवक्ता चन्द्रकान्त ज्ञवाली समेत विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सिंहदरबार मुद्दा उत्प्रेषण ने.का.प. २०६१ नि.नं. ७३४२) प्रतिपादन भएको पाइन्छ। नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गर्नू पर्ने संवैधानिक व्यवस्था रहेको तथा त्यसरी पेश गरिएकोमा दुवै सदनले स्वीकार गरेको मिसिल कागजातबाट देखिदैंन। यसरी दुवै सदनले स्वीकार गरेको भन्ने अवस्था नभएकोले नेपालको संविधानको धारा ११४(२) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ग) अनुसार दुवै सदनको बैठक बसेको साठी दिनपछि "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८" स्वत: निष्क्रिय भएको देखिन आयो।

५४. माथि विवेचित आधार कारणहरुबाट प्रस्तुत ६ थान रिट निवेदनमा उठाइएका प्रश्नहरुको निरुपण गर्नू पर्ने सान्दर्भिकता नै समाप्त भैसकेको देखिंयो। तसर्थ, उपरोक्त रिट निवेदनहरुमा गरिएको माग दावी अनुसार आदेश जारी गर्नू पर्नेसम्मको कुनै उचित आधार कारण र प्रयोजन नदेखिएकोले रिट निवेदकहरुको निवेदन मागबमोजिम आदेश जारी हुने अवस्थाको विद्यमानता देखिएन। उल्लिखित ६ थान रिट निवेदनहरु खारेज हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल

१. प्रस्तुत रिट निवेदन खारेज हुने ठहर भएकाले रिट निवेदन दर्ता गर्दा माथि उल्लिखित ६ वटा रिट निवेदन दायर गर्दा निवेदकहरुले राखेको प्रति निवेदन रु.५,०००।- (पाँच हजार रुपैयाँ) का दरले कूल धरौटी रकम रु.३०,०००।- (तीस हजार रुपैयाँ) सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम

१५(२) बमोजिम फिर्ता गर्नू परेन, सो रकम सदर-स्याहा गर्नू भनी यस अदालतको लेखा शाखालाई जानकारी दिनू।

२. प्रत्यर्थीहरुको जानकारीका लागि आदेशको प्रतिलिपी सहित महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाई दिनू।

३. निवेदन दायरीको लगत कट्टा गरी, आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(दीपक कुमार कार्की)
का.मु.प्रधान न्यायाधीश

उक्त रायमा सहमत छौं:

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश

इजलास अधिकृत : हर्क बहादुर क्षेत्री
शाखा अधिकृत: इमनाथ पौडेल
कम्प्यूटर अपरेटर : हर्क माया राई
इति संवत् २०७८ साल चैत्र २ गते रोज ४ शुभम् ..........................................।